
# लेखापरीक्षण प्रतिवेदन

# अजिरकोट गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०८०/८१



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## अजिरकोट गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा
प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय
लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

**२०८२ वैशाख**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2081/82

मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/637

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गोरखा।

## कैफियतसहितको राय

हामीले पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण ,स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम) सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१.यस पालिकाको रु १ अर्ब ८ करोड ९२ लाख ५७ हजारको लेखापरीक्षण गरिएकोमा रू १ करोड ३४ लाख ८१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु ३१ लाख ९६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारवाही भई बाँकी बेरुजु १ करोड १८ लाख ९७ हजार मध्ये असुल गर्नुपर्ने रू ८ लाख २५ हजार ,प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४४ लाख २० हजार, नियमित गर्नुपर्ने रु. ६६ लाख ५० हजार रहेको छ। गत वर्षसम्म रु.८ करोड ४ लाख ३१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.९ करोड ७ लाख २० हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तर सरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १० करोड ६० लाख ४६ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको १७ लाख ५५ हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको १ करोड २९ लाख ८४ हजार र मुख्यमन्त्री नवप्रवर्द्धन कार्यक्रमको रु. ५८ लाख ८५ हजार समेत रु. १२ करोड ६६ लाख ७० हजार समावेश गरेको छैन।

३.पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। कार्यपालिका, पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राजेन्द्र राज ओझा)

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| ४४ | ७६ | १३४८१८३९ | ० | ३८ | ३१९६३७५ | १६११३०५ | ४४ | ३८ | ११८९६७६९ | ८२५४१४ | ६६,५०,९२५ | ४४,२०,४३० | ० | ० | १,१०,७१,३५५ | ० |

**अद्यावधिक बेरुजु स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फर्स्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ८०४३१००० | 0 | १६०६८५१ | ७८८२४१४९ | 0 | ११८९६७६९ | ९०७२०९१८ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | 33 | सिमेन्टको मुल्यमा बढी दरः | ७४,९८१ |
| २ | २०७९/८० | ३५ | संयुक्त उपक्रम (जे. भी.) ले एकभन्दा बढी काम गर्न नमिल्ने | १०,३७,३४० |
| ३ | २०७९/८० | ५९ | बढी भुक्तानी | २०,३३० |
| ४ | २०७९/८० | ३३ | झ्याल्ला भुमे मन्दिर तथा पर्यटकीय पूर्वाधार निर्माण | २५,००० |
| ५ | २०७९/८० | ४८ | कार्यसम्पादनमा आधारित अनुदान | ४,५०,००० |

| | | | | |
|---|---|---|---|---|
| [illegible] | [illegible] | ६१ | कर कट्टी | १,८७५ |
| ७ | २०८०/८१ | ३५.२ | आन्तरिक श्रोत परिचालन तर्फ : | १,६०,३३८ |
| ८ | २०८०/८१ | ३० | ५ शैया अस्पतालः | ४,१४,९०२ |
| ९ | २०८०/८१ | ४७.१ | बुद्ध हिमाल चुली ग्रेट लेक सर्किट ट्रेल : | ३,००,००० |
| १० | २०८०/८१ | ४६ | दैनिक भ्रमण भत्ता : | ५,१०० |
| ११ | २०८०/८१ | ४८ | जिन्सी दाखिला : | ९,८४,५६४ |
| १२ | २०८०/८१ | ५० | कोष कट्टी रकम : | ५९,५९६ |
| १३ | २०८०/८१ | २९ | कोशिली घरः | ९,९०,००० |
| १४ | २०८०/८१ | ४१ | विद्यालय लेखापरीक्षण अनुदानः | २,८०,००० |
| जम्मा | | | | ४८,०३,२२६ |

# (८०४३६५०१३०० - अजिरकोट गाउँपालिका, गोरखा )

# अजिरकोट गाउँपालिका , गोरखा

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल १९८ वर्ग किलोमिटर तथा १३,००२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०८।१२ देखि २०८१।०८।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ , राजस्वतर्फ , धरौटीतर्फ तथा अन्य कारोबारतर्फ गरी जम्मा रु. १०८९२५७००० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली** :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रकम २१४१३३३ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १ | पाठ्यपुस्तकमा बढी निकासा | २०५३७ |
| २ | विद्यालयमा शर्त विपरित खर्च भएको रकम असुली | २४६९०५ |
| ३ | शिक्षकको पारिश्रमिक कर दाखिला | ५६८३५ |
| ४ | मृत्यु भएका सा सु भत्ता फिर्ता | १२२६३९६ |
| ५ | खरिद भन्दा बढी दरमा भुक्तानी | ६७५० |
| ६ | विद्यालयमा बढी भुक्तानी | ५५९७१७ |
| ७ | कर कट्टी | १९४३३ |
| ८ | बढी प्रशिक्षक भत्ता | ४७६० |
| ९ | तालिमको नर्म्स भन्दा बढी प्रशिक्षक भत्ता भुक्तानी | १९२०० |
| | जम्मा रकम | २१६०५३३ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन्:

वजेट व्यवस्थापनतर्फ

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको,

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

• **भ्रमण खर्च नियमावली,** २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन तयार गरेको भएतापनि पूर्ण विवरण पेश नगरेको ।

खरिद व्यवस्थापन तर्फ

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई नगरेको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख नराखेको ।

शिक्षातर्फ

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन, मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, अनिवार्य निःशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

विविध तर्फ

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी नरहेको,

• विभिन्न कार्यक्रमहरूको अनुगमन बापत भत्ता भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेस नभएको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### ३ स्थानीय सञ्चित कोष

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० निम्न बमोजिम रहेको छः

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ७,५३,५६,२६०.१३ | ० | ७,५३,५६,२६०.१३ | ३,८०,२३,१९५.७५ | ० | ३,८०,२३,१९५.७५ |
| १३००० | अनुदान | २९,९६,०२,८९७.३६ | ० | २९,९६,०२,८९७.३६ | २९,९५,६१,६९१.६५ | ० | २९,९५,६१,६९१.६ |
| १४००० | अन्य राजस्व | ७५,२८,०८९.२३ | ० | ७५,२८,०८९.२३ | ५२,१५,२५९.६५ | ० | ५२,१५,२५९.६५ |
| १५००० | विविध प्राप्ति | ७,५९,३९०.०० | ० | ७,५९,३९०.०० | ० | ० | ० |
| ३३३६६ | दहत्तर बहत्तर शुल्क | २,७००.०० | ० | २,७००.०० | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | ३८,३२,४९,३३६.७२ | | ३८,३२,४९,३३६.७२ | ३४,२८,००,१४७.०५ | | ३४,२८,००,१४७.० |
| २ | चालु | २७,०४,४१,७४१.६६ | ० | २७,०४,४१,७४१.६६ | २८,०३,६१,१२८.८२ | ० | २८,०३,६१,१२८.८ |
| २१००० | पारिश्रमिक / सुविधा | २,२३,२५,५२०.३२ | ० | २,२३,२५,५२०.३२ | २,९३,१४,७८४.१६ | ० | २,९३,१४,७८४.१६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ८,९३,८०,४९०.३९ | ० | ८,९३,८०,४९०.३९ | ३,७५,४५,२३३.६१ | ० | ३,७५,४५,२३३.६१ |
| २५००० | सहायता (Subsidy) | ५८,६३,०३४.०० | ० | ५८,६३,०३४.०० | २,७५,०४,८२१.०० | ० | २,७५,०४,८२१.०० |
| २६००० | अनुदान | १५,२१,१५,०११.९५ | ० | १५,२१,१५,०११.९५ | १४,७८,९९,६६०.६५ | ० | १४,७८,९९,६६०.६ |
| २७००० | सामाजिक सुरक्षा | ० | ० | ० | ३५,००,०००.०० | ० | ३५,००,०००.०० |
| २८००० | अन्य खर्च | ७,५७,६८५.०० | ० | ७,५७,६८५.०० | ३,४५,९६,६२९.४० | ० | ३,४५,९६,६२९.४० |
| ४ | पूंजीगत | १५,४६,९१,८७४.९६ | ० | १५,४६,९१,८७४.९६ | १४,८८,५७,१३९.२२ | ० | १४,८८,५७,१३९.२ |
| ३११११० | भवन तथा संरचना | ० | ० | ० | १५,६७,६५०.०० | ० | १५,६७,६५०.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ५३,८२,८८२.३२ | ० | ५३,८२,८८२.३२ | १६,८४,५१६.०० | ० | १६,८४,५१६.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ० | ० | ० | १२,९९,७१५.०० | ० | १२,९९,७१५.०० |
| ३११५० | सार्वजनिक | १४,७४,१८,२२३.६४ | ० | १४,७४,१८,२२३.६४ | १३,१९,३३,७६२.२२ | ० | १३,१९,३३,७६२.२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निर्माण | | | | | | |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ० | ० | ० | १,४४,५३५.०० | ० | १,४४,५३५.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | १२,००,०००.०० | ० | १२,००,०००.०० | १,२०,७७,००५.०० | ० | १,२०,७७,००५.०० |
| ३१२२० | मौज्दात सामानहरु | ६,९०,७६९.०० | ० | ६,९०,७६९.०० | १,४९,९५६.०० | ० | १,४९,९५६.०० |
| ख) | कुल जम्मा भुक्तानी | ४२,५१,३३,६१६.६२ | | ४२,५१,३३,६१६.६२ | ४२,९२,१८,२६८.०४ | | ४२,९२,१८,२६८.० |
| ग) | बचत /कमी (ग = क-ख ) | (४,१८,८४,२७९.९०) | | (४,१८,८४,२७९.९०) | (८,६४,१८,१२०.९९) | | (८,६४,१८,१२०.९ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | २,१०,६५४.७२ | | २,१०,६५४.७२ | ५,५६,९२१.२३ | | ५,५६,९२१.२३ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | ५,६००.०० | | ५,६००.०० | -५४,०००.०० | | -५४,०००.०० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (४,१६,७३,६२५.१८) | | (४,१६,७३,६२५.१८) | (८,५८,६१,१९९.७६) | | (८,५८,६१,१९९.७ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ९,४४,१०,९६५.०३ | | ९,४४,१०,९६५.०३ | १८,०२,७२,१६४.७९ | | १८,०२,७२,१६४.७ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ५,२७,३७,३३९.८५ | | ५,२७,३७,३३९.८५ | ९,४४,१०,९६५.०३ | | ९,४४,१०,९६५.०३ |

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| खर्च शिर्षक | बजेट | निकासा |
|---|---|---|
| सामाजिक सुरक्षा तथा सरक्षण | १०६०५९००० | १०६०४५८७१ |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २१०५००० | १७५५००० |
| एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १२९८५००० | १२९८४४५४ |
| मुख्यमन्त्री नवप्रवद्धन कार्यक्रम | ५८९०००० | ५८८४७२८ |
| जम्मा | १२७०३९००० | १२६६७००५३ |

## ४ बैङ्क हिसाब विवरण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ता अनुसार मौज्दात | बैक मौज्दात |
|---|---|---|
| स्थानीय तह संचित कोष खाता | ४११७२१४२ | ४११७२१४२ |
| चालु खर्च खाता | ० | ० |
| पुँजिगत खर्च खाता | ० | ० |
| विविध कोष खाता | १२२६३९६ | १२२६३९६ |
| विविध खर्च खाता | १४७७३९ | १४७७३९ |
| विपद व्यवस्थापन कोष खाता | ७९५३७७ | ७९५३७७ |
| स्थानीय विभिज्य कोष | ० | ० |
| धरौटी | ९३९५६८४ | ९३९५६८४ |
| ग १ १ आन्तरिक राजस्व खाता | ० | ० |
| ग१ २ बाँडफाँडबाट प्राप्त राजस्व | ० | ० |

पालिकाले तोकिएको बैक हिसाव मिलान म.ले.प २१२ तयार गरी राखेको नपाइएकाले बैंक हिसाव मालान गर्ने तर्फ ध्यान दिनुपर्दछ।

## १ एकीकृत आर्थिक विवरणः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ

| | आय तर्फ | | | व्यय तर्फ | |
|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | रकम | क्र स | विवरण | |
| १ | गत वर्षको जिम्मेवारी | ९४४६४९६५ | १ | चालु खर्च | २७०४४१७४२ |
| | संचित कोष | ८३११०४२२ | २ | पुँजीगत खच | १५४६९१८७५ |
| | प्रकोप व्यवस्थापन | १०३५२७८ | ३ | कोष खर्च | १३६८७९९१ |
| | धरौटि खाता | ९८७३१२१ | | धरौटी खर्च | ६०४८३४७ |
| | विविध कोष खाता | ३१११८७ | | विभाज्य कोष खाता | ४२२४६३७ |
| | विविध खर्च खाता | १३४९५७ | | विविध कोष खाता | ० |
| | विभाज्य कोष खाता | ० | | प्रकोप व्यवस्थापन कोष खर्च | २३९९०० |
| | आन्तरिक राजस्व | ८३५९२४३९ | | विविध खर्च | ३१७५१०७ |
| २ | आन्तरिक राजस्व | ७७४२६३३ | ५ | अन्तरसरकारी आय | १२६६७००५३ |
| | राजश्व बाँडफाँड | ७५८४९८०६ | | सामाजिक सुरक्षा | १०६०४५८७१ |
| | अनुदान | २९९६०२८९७ | | स्वास्थ्य सुधार कार्यक्रम | १७५५००० |
| ३ | संघीय अनुदान | २८४०४२२७६ | | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १२९८४४५४ |
| | प्रदेश अनुदान | १५५६०६२१ | | मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय | ५८८४७२८ |
| ४ | विभिन्न कोषको आय | १३८९८६४६ | ४ | मौज्दात | ५२७३७३४० |
| | धरौटी आय | ५५७०९१० | | संचित कोष | ४११७२१४२ |
| | प्रकोप व्यवस्थापन कोष आय | ० | | प्रकोप व्यवस्थापन | ७९५३७८ |
| | विविध कोष खाता | ९१५२०९ | | धरौटि खाता | ९३९५६८४ |
| | विविध खर्च खाता | ३१८७८९० | | विविध खर्च खाता | १४७७३९ |
| | विभिज्य कोषको आय | ४२२४६३७ | | विभाज्य कोष खाता | ० |
| | अन्तरसरकारी आय | १२६६७००५३ | | विविध कोष खाता | १२२६३९७ |
| ५ | सामाजिक सुरक्षा | १०६०४५८७१ | | | |
| | स्वास्थ्य सुधार कार्यक्रम | १७५५००० | | | |
| | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १२९८४४५४ | | | |
| | मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय | ५८८४७२८ | | | |
| | जम्मा | ६१८२२९००१ | | जम्मा | ६१८२२९००१ |

**फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.५४०००, यस वर्षको प्राप्ति रु.१३८४४६४६ र भुक्तानीमा

रु १३६८७९९२ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ९४४१०९६५ | ३८३२४९३३६ | ४२५१३३६१६ | ५२७३७३४० |
| एकीकृत आर्थिक विवरणअनुसार | ९४४६४९६५ | ३९७०९३९८२ | ४३८८२१६०८ | ५२७३७३४० |
| फरक | ५४००० | १३८४४६४६ | १३६८७९९२ | ० |

**क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ। उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५३.५८ प्रतिशत र वातावरण तथा विपद व्यवस्थापनको क्षेत्रमा सबैभन्दा कम १.०९ प्रतिशत तथ वित्तीय व्यवस्थापन र सुशासनको क्षेत्रमा बजेट विनियोजन नभएको देखिन्छ ।

| सि न | क्षेत्र | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३६४००००० | २५८४७८२० | ६.०८ |
| २ | सामाजिक क्षेत्र | २५५९२१००० | २२७७७९५९२ | ५३.५८ |
| ३ | पूर्वाधार विकास क्षेत्र | १४९५५९००० | ११६९८७७११ | २७.५२ |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | ८१५०००० | ४६२६१४१ | १.०९ |
| ५ | संस्थागत विकास र सेवा प्रवाह | १२५५०००० | ५९६१४४८ | १.०४ |
| ७ | कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ५३३९३९००० | ४३३९३०९०२ | १०.३३ |
| | जम्मा | ५१६५१९००० | ४२५१३३६१४ | १०० |

**त्रैमासिक पुँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.१५ करोड ४६ लाख ९१ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.५७ लाख ७९ हजार (३.७३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३ करोड ३७ लाख ७६ हजार (२१.८ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.४ करोड ९५ लाख ७८ हजार (३२.०२ प्रतिशत) र चौथो त्रैमासिकमा रू.६ करोड ५५ लाख ५६ हजार (४२.३७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.३ करोड ७१ लाख ४० हजार (२४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १५४६९१८७२ | ५७७९८५४ | ३३७७६२०२ | ४९५७८९५१ | ६५५५६८६१ | ३७१४००४६ |
| प्रतिशत | १०० | ३.७३ | २१.८ | ३२.०५ | ४२.३७ | २४.०१ |

**खर्च विश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.७७,९६,६३२,राजस्व बाँडफाँडमा रु.७,५८,४९,८०६ र अनुदानबाट रु. २९,९६,०२,८९७ समेत रु.३८,३२,४९,३३६ आम्दानी भएकोमा चालु तर्फ रु २७,०४,४१,७४१ र पुंजीगततर्फ रु १५,४६,९१,८७४ समेत रु.४२,५१,३३,६१६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ७८८०८२४ खर्च भएको छ जुन आन्तरिक आयको १०१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२.०३ प्रतिशत चालु र ४१.२० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१० **वितरणमुखि कार्य**

पालिकाले चालु खर्च मितव्ययि र पूँजीगत खर्च नतिजामूलक तथा प्रतिफल देखिने गरि खर्च गर्नुपर्दछ।लेखापरिक्षणको क्रममा नमुना छनौट गर्दा निम्नानुसारका गो भौ नं र मितिबाट वितरणमुखि कार्यमा खर्च गरेको देखियो। यसरी वितरणमुखि एवं प्रतिफल प्राप्त नहुने कार्यमा खर्च लाई नियन्त्रण गर्नुपर्दछ।

| गो भौ नं मिति | वापत | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ३९१।२।१० | कुशुण्डे बाजा समूहलाई बाजा खरिद | कुशुण्डा समूह | ९९४४० |
| ४२६।२।२४ | विविध कार्यक्रम | कश्यप गोत्रीय अधिकारी प्रतिष्ठान | ५०००० |
| ६३३।३।२३ | डमुमेन्ट्री | सहर्ष गणेश फिल्मर्स एण्ड एडभटाईजिङ्ग | ४४६३५० |
| ६४७।३।२४ | तीज विशेष कार्यक्रम | दि मनास्लु यूवा क्लव | २५००० |

११ **वार्षिक खरिद योजना/गुरुयोजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५ करोड ४६ लाख ९१ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१२ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल योजनामा बजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | २८ | १० | १७ | १० |
| २ | वडास्तरीय | १२० | ० | ४९ | ७१ |
| | जम्मा | १४८ | १० | ६६ | ८१ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये योजनामात्र कार्यान्वियन भई योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१३ **लक्ष्य प्रगतिः**

पालिकाले यस आर्थिक वर्ष ५२८ कार्यक्रम संचालन गरेकोमा ३३४ योजनाको मात्र शत प्रतिशत प्रगति भएको देखिन्छ ।पालिकाले यर्थाथपरक योजना तर्जुमा गरी योजना कार्यान्वियन गर्न तर्फ ध्यान दिनुपर्दछ ।

| कार्यक्रम यजना | कूल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शन्य प्रगति | २५% सम्म | ५०% सम्म | ७५%सम्म | १०० प्रतिशत प्रगति |
| योजनाको संख्या | ५२८ | १०६ | १६ | २१ | ४९ | ३३४ |

उपभोक्ता समितिबाट गरिएको योजनाहरुको विवरण निम्नानुसार रहेको छ ः

| सि.नं | विवरण | योजना संख्या |
|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | १ |
| २ | रु १ लाख देखि पाँच लाख सम्मको योजना | ९५ |
| ३ | रु ५ लाख देखि १० लाख सम्मको योजना | २६ |
| ४ | रु १० लाख देखि ५० लाख सम्मको योजना | १७ |
| ५ | रु ५० लाख माथिको योजना | ० |
| | जम्मा | १३९ |

यसरी हेर्दा एक देखि पाँच लाख सम्मका योजना ९५ रहेकोमा ५० लाख माथिका योजना कुनै पनि नरहेको देखिन्छ ।अतः पालिकाले दिर्घकालिन लाभ दिने प्रकारका योजना छनौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१४ **बजेट पेस, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८०।३।१० मा रु.४९ करोड ३४ लाख ९३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै अख्तियारी बजेट कार्यक्रम हुँदा समेत पुँजीगत बजेट ७७.९७ प्रतिशत मात्रै खर्च भएको अवस्था छ । बजेट कार्यान्वियनमा दक्षता बढाउनु पर्ने देखिन्छ ।

१५ **कार्य सञ्चालन तथा अन्य कोषः**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचलान गर्दा विनियोजन वजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने व्यहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष निम्न कोषको रकम मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

| कोषको नाम | कोष गठन भएको कानुन | शुरु मौज्दात | यो वर्ष थप | यो वर्षको खर्च | बाँकी |
|---|---|---|---|---|---|
| प्रकोप व्यस्थापन कोष | स्थानीय सरकार संचालन ऐन अनुसार | १०३५२७७ | ० | २३९९०० | ७९५३७७ |
| कार्य संचालन कोष | स्थानीय सरकार संचालन ऐन अनुसार | ० | २१४१६०५ | ० | २१४१६०५ |

१६ **सार्वजनिक परीक्षणः**

हस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

७ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो वर्ष थप भएको १० वटा विवाद दर्ता भएकोमा सबै फस्र्योट देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

८ **कानुन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड सबनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म १२ वटा ऐन, ६ वटा नियमावली, ६८ कार्यविधि, ८ निर्देशिका ९४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। पालिकाले अनुमोदन गरेका कानूनलाई स्थानीय राजपत्रमा प्रकाशित गरी कर्यान्वियन गर्नुपर्दछ ।

९ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५७,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.७७,९६,६३२ अर्थात् अनुमान भन्दा १३६.७ प्रतिशत बढी आय प्राप्त गरेको छ । आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

० **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी

रहेकोले उल्लिखित असुली यथार्थ त्रमान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ११९६५२३ | २९३९८८ | २४.५ |
| घरजग्गा वहाल कर | २३३६८० | ५२६९६ | २२.५५ |
| घरजग्गा रजिष्टेशन दस्तुर | ५००००० | ० | ० |
| व्यवसाय रजिष्टेशन दस्तुर | ६३११२५ | २३१६५० | ३६.०४ |
| सिफारिस दस्तुर | १४२१९६१ | ४४१७२१ | ३१.०६ |

२१ **व्यवसाय रजिष्ट्रेशन दस्तुर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय रजिष्ट्रेशन शुल्क वापत रु.६,३१,१२५ कर सङ्कलन गरेको छ । पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

२२ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शीर्षकबाट रु.१४ लाख ९० हजार विविध कार्यक्रममा खर्च गरेको छ । पालिकाले त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ। यस्तो प्रवृत्तिमा नियन्त्रण गर्न खर्चको मापदण्ड निर्माण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

२३ **प्रधानमन्त्री स्वरोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा गोरेटो बाटो निर्माण, छपानी निर्माण, नाली निर्माण, सिढी निर्माण, पदमार्ग निर्माण, पहिरो नियन्त्रण, सडक नाला मर्मत लगायतका योजना सञ्चालन गरी यस वर्ष १७५ जनालाई औसत १०० दिनले ७७८१ दिन रोजगारी उपलब्ध गराई रु.५३८५९९९- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।,

२४ **म्याद ननाघेको पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्न कार्यक्रममा रु १५०६१२० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| क्र स | विवरण | पेश्की लागेको मिति | म्याद ननाघेको रकम |
|---|---|---|---|
| १ | ताप्ले ओखललदुङ्गा गोगनपानी सडक( शान्ति देवि बस्नेत प्रभात जोइन्ट भेन्चर) | २०८०।१०।०३ | १५०६१२० |

**अन्य निकायको खर्चः**

२५ गाउँपालिकाले निम्न भौचर नं बाट छुटै भुक्तानी केन्द्र हुने निकायलाई भवन निर्माण तथा मर्मत कार्यमा भुक्तानी दिएको देखिन्छ । यसरी फरक निकायको छुटै बजेट व्यवस्था हुने भएकाले यस्ता कार्य पालिकाले आफ्नो बजेट खर्च गर्ने कार्य नियमसंगत नदेखिएको रकम रु

| क्र स | अन्य निकायको नाम | रकम |
|---|---|---|
| २८० | ट्राफिक विट निर्माण र प्रहरी चौकी मर्मत | २५३४४६ |
| २६६ | कृषि सहकारी भवन | ८२५००० |
| १५४ | दरौदी सहकारी भवन | ३९६९२३ |
| जम्मा | | १४७५०६९ |

| | |
|---|---|
| अनियमित भएको | १४,७५,०६९ |

**पुँजीगत वितरणमुखी खर्चः**

२६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ।यस पालिकाले वार्षिक बजेटबाट विभिन्न समूहहरुको भवन स्तरोन्नति लगायतका अनुत्पादक र वितरणमुखी कार्यमा बजेट विनियोजन गरी खर्च गरेको छ। यस किसिमका खर्चबाट आर्थिक विकासमा टेवा पुग्ने देखिदैन। पालिकाले यस्तो खर्च नियन्त्रण गरी सार्वजनिक स्रोत साधनको उपयोग गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकलापहरुमा खर्च गर्नु पर्दछ।पालिकासंग छलफल हुँदा आगामी दिनमा यस्ता कार्यमा नियन्त्रण गर्ने जनाएको । केही उदाहरणः

| भौचर तथा मिति | विवरण | रकम |
|---|---|---|
| १६०।२।०७ | मायर कालिका मार्ग आमा समूह भवन | ९९३९८८ |
| १११।१२।२६ | एकता महिला समूह ट्रस घर निर्माण | ४९९२१४ |
| ९२।११।२३ | वालाङ्ग तामाङ्ग समूह भान्छा घर निर्माण | ९९५००० |
| ११०।१२।२५ | बुद्धसिंहबार सामुदायिक भवन निर्माण | ४९३००० |
| १९३।१२।२५ | वतासे सामुदायिक भवन निर्माण | २७७००० |
| ११७।१२।२६ | लामागाउँ र दलित समूह भवन निर्माण | ४८२००० |

**नमूना वस्ति निर्माणः**

गाउँपालिकाले उत्पादनमूलक कार्यमा आफ्नो स्रोतको विनियोजन गर्नुपर्दछ । पालिकाले दलित नमुना वस्ती निर्माण शीर्षकमा १० लाख विनियोजन गरी भौचर नं ५९०।३।२२ बाट रु २८५६५२ भुक्तानी गरेको देखिन्छ ।दलित समुदायको लागि नमुना वस्ती निर्माण गर्नुपर्नेमा विहानी कक्षा संचालन वापत रु ७४८२१, अभिमुखीकरण कार्यक्रममा रु ११०००, अधिकार सम्बन्धि तलिममा रु २०२२०, सरसफाईमा २०५०० तथा तरकारी खर्च कार्यक्रममा १९८९५ जस्ता कार्यमा वितरणमुखी कार्य गरेको छ । दलित समुदायको बस्तिमा गई बस्ती निर्माणको कार्य भएको दखिएन। पालिकाले दलित बस्ति निर्माण कार्यक्रममा पुँजी निर्माण हुने तथा बस्ती निर्माणको कार्यमा स्ट्रक्चर लगायतको मूख्य पुँजीगत कार्यमा रकम खर्च गर्नुतर्फ ध्यान दिनुपर्दछ ।

२८ **लागत साझेदारीः**

गाउँपालिकाले वितरणमुखी कार्य गर्दा संघीय तथा प्रादेशिक कानून अनुकूल हुने गरी कार्यविधि निर्माण गरी अनुदान वितरणका कार्यक्रम संचालन गर्नुपर्दछ ।स्थानीय तहको कार्यविधि तयार नभएको अवस्थामा संघीय कानून अनुसार कार्यक्रम संचालन गर्नुपर्दछ ।प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना म्यानुलको परिच्छेद-७ मा न्यूनतम ५० प्रतिशत लागत साझेदारी गरी विक्री वा, विक्री वितरण गर्नुपर्ने उल्लेख छ । पालिकाले कृषि सामग्री तथा औजार वितरण गर्ने कार्यको लागि कार्यविधि तयार नगरी निम्न भौचरबाट कार्यक्रम संचालन गर्ने गरेको तथा संघीय कानूनी व्यवस्था समेत पालना नगरी लागत साझेदारी बेगर वितरणमुखी कार्य गरेको देखिएकोले अनियमित रकम रु

| भौचर नं | विवरण | भुक्तानी पाउने व्यक्ति संस्था | रकम | कैफियत |
|---|---|---|---|---|
| ८९। ०२। २१ | फलफुल पकेट कार्यक्रम ३ नं वडा | जय माँ दुर्गा भवानी नर्सरी फार्म | २०८०८१ | ५० प्रतिशत लागत साझेदारी नगरेको । |
| १८७। ३।२४ | वडा नं २ मा मैरीघार वितरण | नयाँ फर्म वुद्ध मौरापालन | ३८२००० | ३६ मौरीघार वितरण हुँदा उपभोक्ताको अंश २६७५०० हुनुपर्नेमा ८५००० मात्र हुने गरी गाउँपालिका, ग्रीन फाउण्डेशन तथा उपभोक्ता विच सम्झौता भएको । |
| १५५१। ३।१९ | बाली बिशेष कार्यक्रम | देवर्षि प्राङ्गारिक कृषि फर्मा | ६३००० | ५० प्रतिशत लागत साझेदारी नगरेको । |
| ११। १०। ११ | ५० प्रतिशत आलु प्रवद्धन कार्यक्रम | माई मनकामना कृषि कोल्ड स्टोर्स प्रा लि | ३००००० | कार्यविधि तयार नगरी लागत साझेदारीमा वितरण गरेको |

| | |
|---|---|
| अनियमित भएको | ९,५३,०८१ |

**कोशिली घरः**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **११०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

**५ शैया अस्पतालः**

गाउँपालिकाले रु ७४३९२६७६ लागत अनुमान तयार गरी जयमाता इन्जिनियरिङ्ग प्रालि संग मिति २०७८।३।१ मा १८ महिनाभित्र रु ४९८०३०७५ मा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ ।पालिकाले कार्यपालिकाको मिति २०८०।१।२० गते फलामे छडको परिमाण बार बाइन्डिङ्ग स्यडियूल अनूसार हिसाव गर्दा ४९ टन छड थप गर्नुपर्ने भएकाले भेरियसन स्वीकृत गरी शुरु सम्झौतामा रु ७४१२३०१ ( १४.८८ प्रतिशत) थप गरी परिमार्जित सम्झौता रकम रु ५७२१५३८२ कायम गरेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **४१४,९०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३१ **निर्माण सम्पन्न हुन बाँकी योजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षका सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ

। यस स्थानीय तहले देहायअनुसार योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने कतिपय त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | सम्झौता मिति | पहिलो पटक समाप्त मिति | पटक पटक म्याद थप | कैफियत |
|---|---|---|---|---|---|---|
| ५।मपा७७। ७८ | १५ शैया अस्पताल ( जयमाता इन्जिनियरिङ) | १७२५५३८४ | २०७८।३।०५ | २०७९।९।१५ | ३ पटक | आयोजना हस्तान्तरण भएको ।९० भन्दा वढी वित्तिय भएको । |
| ५। ३न७९। ८० | कामलजोडा बुम सिंहद्वार चैपे सडक | ७१३८१६११ | २०७९।१२।०३ | २०८१।६।१५ | १ पटक | ७५ प्रतिशत वित्तिय प्रगति भएको । |
| ५। ३न८०। ८१ | ताप्ले ओखलढुङ्गा गौगनपानी सडक स्तरोन्नति | २८७७७०८८ | २०८०।९।१७ | २०८२।३।३१ | म्याद रहेको | ३७ प्रतिशत वित्तिय प्रगति भएको । |

### ३ खरिद भन्दा बढी दरमा भुक्तानी ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले रकम भुक्तानी लिन पेस गरेको बिल भरपाई तथा कार्यबिलको परीक्षण गर्दा खरिद गरेको सिमेन्टको बिजकमा उल्लेख गरेको दरभन्दा बढी दर राखी भुक्तानी दिएकोले रू.२८४०८५।- असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

| श्री.नं./मिति | कार्यक्रम/योजना | सामान | परिमाण/ इकाई | भुक्तानी दर (जिल्ला दररेट) | भुक्तानी हुनुपर्ने (विजक दर) | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ९५/२०८०।११। २३ | ओलाङ्ग तामाङ्ग समुह भान्सा घर निर्माण | सिमेन्ट | ५० | ७१० | ५९० | ६००० |
| २८५/२०८१। ०३।२३ | देउराली बुद्धसिंह दोभान सडक स्तरोन्नती | सिमेन्ट | ६० | ७१० | ५६५ | ८७०० |
| २७०/२०८१। ०३।२२ | गाउँ कार्यपालिकाको कार्यालय जाने बाटो निर्माण उ स | सिमेन्ट | २०० | ७१० | ५४८ | ३२४०० |
| | | | ५०० | ७१० | ५५० | ८०००० |
| २६४/२०८१। ०३।२१ | सिरण डाँडा नाप्रे स्थान देवी मंदिर संरक्षण कार्य | सिमेन्ट | ६० | ७१० | ५७५ | ८१०० |
| २६०/२०८१। ०३।२० | काम्रे खोला मूल डाडा कूलो मर्मत | सिमेन्ट | ११० | ७१० | ६६० | ५५०० |
| २४८/२०८१। ०३।१९ | बुद्ध सेवा आमा समुह भवन निर्माण | सिमेन्ट | ३९० | ७१० | ६२८ | ३१९८० |
| ३१५/२०८१। ०३।१५ | गौरी गाउँ मूल संरक्षण उ स | सिमेन्ट | ४० | ७१० | ६१९ | ३६४० |
| २०४/२०८१। ०३।११ | टु टु वान समाज घर संरक्षण उ स | सिमेन्ट | १३० | ७१० | ५९२ | १५३४० |
| १९६/२०८१। ०३।०४ | झ्याल्ला भुमे मंन्दिर संरक्षण निर्माण उ स | सिमेन्ट | ३० | ७१० | ५७० | ४२०० |
| १६१/२०८१। ०२।०७ | माथर कालिका आमा समुह अपूरो भवन निर्माण | सिमेन्ट | १७५ | ७१० | ५७५ | २३६२५ |
| १४९/२०८१। ०१।१६ | देबल सारा सामुदायिक अधुरो भवन निर्माण कार्य | सिमेन्ट | १९० | ७१० | ५३० | ३४२०० |
| ०९/२०८१।०३। १९ | ओलाङ स्टोन ट्रेल निर्माण उ स | सिमेन्ट | २०० | ७१० | ५५८ | ३०४०० |
| **जम्मा** | | | | | | २८४०८५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८४,०८५ |

**उपभोक्ता समितिबाट जटिल संरचना निर्माण :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई मेशीन, औजार उपकरण आवश्यक नपर्ने प्रकारका श्रममुलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था छ । पालिकाले आर.सि.सि. फ्रेम स्ट्रक्चरका भवन, विद्युत सम्बन्धि कार्य लगाएतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना समेत उपभोक्ता समिति मार्फत गराएको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायिबाट वोलपत्रको माध्यमबाट प्रतिस्पर्धाको विधि अनुसार गराउनु उपयुक्त देखिन्छ । केही उदहारण :

| गो.भौ.नं./मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| ३०८/२०८१।०३।२८ | जिवन ज्योति मा वि बालुवाको भवन निर्माण कार्य | ४०००००० |
| २९४/२०८१।०३।२८ | खगारे रातो माटे सडक निर्माण ज रा नयाँ ट्रयाक खोल्ने कार्य | ८५११९३७ |

**पोखरी निर्माण :** (१४-२०८१-३-२१):
मुख्यमन्त्री नवप्रवर्तन कार्याक्रम अन्तर्गत पर्यटनमैत्री नमुना गाँऊ प्रवर्द्धन तथा जिवीकोपार्जन सुधार परियोजना कार्यक्रमको लागि वारेका तथा ओलाङ गाँउका किसान बीच मिति २०८०।११।१८ भएको स्ट्रक्चर निर्माण कार्य गर्ने रु १६,१८१७१ मा लागत अनुमान तयार गरी किसानको रु ६८४१७१ लागत सहभागिता हुने गरि सम्झौता भएको देखिन्छ । पालिकाले प्राविधिक मूल्याङ्कन अनुसार किसानको अंश कट्टा गरी भौचर नं १४।२०८१।३।२१ बाट रु ९६९३४२ भुक्तानी गरेको देखिन्छ । माछा पोखरीको स्ट्रक्चर निर्माण भएतापनि माछाका भुराहरु राखी उत्पादनको कार्य सुरु गरेको देखिएन । अत:पोखरी निर्माणको कार्यमा गरेको लगानीको प्रतिफल समुदायले प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नुपर्दछ।

**आन्तरिक श्रोत परिचालन तर्फ :**

**आईई प्रतिवेदन बेगर उत्खन्न :** पालिकाले दरौदी नदीको आईई प्रतिवेदनमा उल्लेख नभएको घाट ढोडेनी बजार नजिक कालिका हाईड्रो पावरको ड्याम साईटमा रहेको घाट गह्वीबाट ३५५८९.५६ घन मिटर नदीजन्य पदार्थ उत्खन्नको लागि वारपाक सुलीकोट गाउँपालिकाले २०८०।११।२९ मा रु.१८९६८०००.२३ मु अ कर सहित मिति २०८०।११।२९ मा सम्झौता गरेकोमा अजिरकोट गाउँपालिका र वारपाक सुलिकोट गाउँपालिकाबीच आम्दानी आधा आधा गर्ने गरी वारपाक सुलिकोट गाउँपालिकाले निर्माण व्यवसायी नव कान्तिपुर कन्स्ट्रक्सन प्रा लि संग सम्झौता गरेको देखिन्छ। सम्झौता अनुसार यस पालिकालाई राजस्व आम्दानी रु.९४८४००० प्राप्त हुनु पर्नेमा निर्माण व्यवसायीबाट दुई पटक गरी रु.४७६५०८३.९१ (पछिल्लो पटक २०८१।०५।१३ समेत) राजस्व प्राप्त भएको देखिन्छ।पालिकाले सम्झौता बमोजिम तोकिएको अवधि(२०८१ पुस मसान्त) भित्र रु.४७६५०८३.९१ राजस्व प्राप्त गरी स्थानीय संचितकोषमा दाखिला गर्नुपर्ने देखिन्छ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२३** को निर्णयले रू **१६०,३३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

**घटी परिमाणमा उत्खन्न :** आईई प्रतिवेदनमा उल्लेखित उत्पादन क्षमता दरौदी नदीको १०१२९.२० घन मिटर (विष्णु कुमार तामाङ्ग) र चेपे नदीको ४०८१.५ घन मिटर (नारायण गुरुङ्ग) उत्खन्न क्षमता रहेकोमा एक खण्डको मात्र (विष्णु कुमार तामाङ्ग) २७८० घन मिटर विक्री वितरण गरेको नगदी रसिदबाट देखिन्छ।आईई प्रतिवेदन अनुसार ७३४९.२० घन मिटरको प्रति घन मिटर ३१७.५२ को दरले हुने रु.२३३३५१८ राजस्व गुमेकोले आईई प्रतिवेदनमा उल्लेखित परिमाण १४२१०.७० घन मिटर उत्खन्न गर्नुपर्ने भनिएकोमा २७८० घन मिटर अर्थात १९.५६ प्रतिशत मात्र उत्खन्न भएकोले राजस्व गुमेको अवस्था छ।अत:उत्खन्न क्षमता अनुसार राजस्व परिचालन गर्ने तर्फ पालिकाको गम्भिर ध्यानाकर्षण हुनुपर्दछ ।

**परिमाण नखुलाई सम्झौता :** नदीजन्य पदार्थको उत्खन्न/विक्री वितरणको लागि गरिने सम्झौतामा सम्बन्धित पक्ष संग उत्खन्न गरीने परिमाण स्पष्ट उल्लेख गर्नुपर्दछ। पालिकाले मिति २०८०।०८।०५ मा चेपे नदीको सम्झौता गर्ने नायारण गुरुङ्गले पालिकाबाट रसिद बुझि लगेको रसिद नियन्त्रण खाताबाट देखिदैन।उक्त घाटबाट कुनै पनि राजस्व प्राप्त भएको देखिदैन।पालिकाले सम्झौता गर्दा नदीजन्य पदार्थको उत्खन्न परिमाण नतोकि सम्झौता गरेको देखिन्छ।यसबाट परिमाण नखुलाई गरिएको सम्झौताको शर्त त्रुटि पुर्ण छन। राजस्व असुली भएको देखिदैन सम्झौता पश्चात के कुन कारणले उत्खन्न कार्य नगरेको हो पालिकाले स्पष्ट गर्नुपर्दछ।यसबाट चोरी निकासी पैठारी भए नभएको यकिन गर्न सकिएन।अत: यस सम्बन्धमा पालिकाको गम्भिर ध्यानाकर्षण हुनुपर्दछ ।

५ **नव कान्तिपुर कन्स्ट्रक्सन प्रा लि :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शीर्षक नं. ३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले कालिका हाईड्रो पावरको ड्याम साईटमा रहेको घाट गढ्ढी नव कान्तिपुर कन्स्ट्रक्सन प्रा लि संग नदीजन्य पदार्थको विक्री वितरणको लागि मु अ कर सहित रु.१८९६८०००.२३ सम्झौता भएकोमा उक्त कार्यको मु अ कर रु.१४७०७११ राजस्व शिर्षक नं.३३३१४ मा निर्माण व्यवसायिले दाखिला गरेकोले पालिकाको पान नं.२०१३६४८९९ बाट राजस्व शिर्षक नं.३३३१७ मा ट्रान्सफर गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,७०,७११ |

६ **आय ठेक्का :** पालिकाले २०७९/०८० मा तयार गरेको वातावरणीय प्रभाव मुल्याङकन प्रतिवेदन अनुसार चेपे नदीको दुई घाट र दरौदी नदीको तीन घाट गरी ५ घाटको नदीजन्य पदार्थको वार्षिक उत्खन्न क्षमता १४२१०.७० घन मिटर रहेकोमा पालिकाले प्रथम पटक २०८०।०७।१४ मा ठेक्का अहवान गरेकोमा कुनै निवेदन परेको देखिएन।कार्यपालिकाको २०८०।०८।२९ मा बसेको बैठकले उक्त दुवै नदीको नदीजन्य पदार्थ उत्खन्नको लागि निवेदन नपरेकोले चेपे नदीको दुई घाटको उत्खन्न गर्ने कार्यको लागि नारायण गुरुङ अजिरकोट-३ र विष्णु कुमार तामाङ अजिरकोट-५ लाई दरौदीको तीन घाटको नदीजन्य पदार्थको विक्री वितरणको लागि जिम्मेवारी दिने निर्णय गरेको छ।पालिकाले उपलब्ध गराएको नगदी रसिद प्रयोग गरी प्रदेश सरकारले तोकेको दर रेटको आधारमा राजस्व संकलन गरेको देखिन्छ। उत्खन्नकर्ता संग सम्झौता गर्दा उत्खन्नको परिमाण खुलाएको देखिदैन।यसबाट सम्बन्धि व्यक्तिले नगदी रसिदबाट संकलित राजस्वमा उठेको रकममा मात्र भरपरेको देखिन्छ।नगदी रसिद प्रयोग नगरी ईजाजत प्राप्त व्यक्तिले नदीजन्य पदार्थको विक्री वितरण गरे नगरेको सम्बन्धमा प्राविधिक पुष्टयाई सहितको अभिलेख प्रमाणित गरेको देखिदैन।पालिकाबाट प्रभावकारी अनुगमन भएको देखिदैन।अत:पालिकाले प्राविधिक पुष्टयाई सहितको अभिलेख प्रमाणित गरि प्रभावकारी अनुगमन गर्नुपर्दछ।

७ **ढड्डे बगर घाट :** नदीजन्य पदार्थ उत्खन्न सम्बन्धि कार्यविधि,२०७९ अनुसार नदीजन्य पदार्थको उत्खन्न तथा विक्री वितरण कार्यलाई व्यवस्थित गर्न इजाजतवालाले तीन प्रति विजक जारी गर्नुपर्ने पालिकाले दैनिक उत्खन्न पुस्तिकामा उत्खन्न परिमाण प्रमाणित गरी राख्नु पर्ने, अनुगमन गर्नुपर्ने लगायतको व्यवस्था गरेको छ। कार्यपालिकाको २०८०।१२।१६ को निर्माणले २०८०।१२।०४ मा प्रकाशित सुचना बमोजिम रसुवा/इलाइटस/सुर्य जे भिलाई दरौदी खोला क्षेत्रको ढड्डे बगर (वडा नं.१) क्षेत्रमा १००० घन मिटर र मंजिल निर्माण सेवालाई सोही क्षेत्रमा २००० घन मिटर उत्खन्न गर्न ईजाजत दिने निर्माण गरेको देखिन्छ। गोरखा सडक योजनाको पत्रमा माग गरे बमोजिम रसुवा/ईलाइटस/सुर्य जे भिले प्रदेश सरकारले तोकेको दरमा १००० घन मिटर उत्खन्न गरी रु.३ लाख १७ हजार ८३३ पालिकाको राजस्व खातामा दाखिला गरेको देखिन्छ। पालिकाले छलफलको क्रममा मंजिल निर्माण सेवा संग भने उत्खन्नको लागि कार्यदेश दिएको देखिएन।उक्त घाटबाट के कति नदीजन्य पदार्थ उत्खन्न भएको हो प्राविधिकद्धारा दैनिक उत्खन्न परिमाण प्रमाणित गरी राखेको देखिएन। यस बाट चोरी निकासी भए नभएको यकिन गर्न सकिएन।अत:कानूनमा भएको व्यवस्था बमोजिम अनुगमन तथा प्राविधिक अभिलेख प्रमाणित गरी राख्नु पर्दछ।

**कन्टिन्जेनसी खर्च:**

प्रदेश खर्चको मापदण्ड २०७९ को बुँदा १४ मा बर्क चार्ज स्टाफ खर्च र अन्य खर्च गरी दुई शर्षकमा खर्च गर्नुपर्ने तथा खर्च गर्दा पारदर्शी, मितव्ययी तथा औचित्यपूर्ण तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले २३ लाख ८४ हजार खर्च गर्दा मापदण्डले निर्देशन गरेको वर्गीकरण अनुरुप खर्च गरेको देखिएन।शिर्षक नखुलेको रकम ५ लाख ४१ हजार खर्च गरेको देखिन्छ ।अतः पालिकाले आगामी मापदण्डको आधारमा स्टाफ खर्च र विविध खर्चको छुट्टा छुट्टै अभिलेख राखी खर्च गर्नु तर्फ ध्यान दिनुपर्दछ ।

| कार्यक्रमको नाम | कन्टेन्जेन्सी खर्च | | शिर्षगत विवरण रु हजारमा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षसम्म | चालु वर्षको | मसलन्द | मर्मत/ईन्धन | अनुगमन | सूचना प्रकाशन | फिल्ड भत्ता | विविध | अन्य |
| गापा कन्टेन्जेन्सी | ० | २३८४ | ० | ४५० | ६० | ३०० | ९३३ | ३०२ | ३३९ |

**परामर्श तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| क्र सं | विवरण | परामर्शदाता | रकम |
|---|---|---|---|
| १ | ध्याच्चोक घमशीरा सडक | एस.एस इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ७०४२४२ |
| २ | साङक्रम तालखोला देवालश्वरा | अस्तर इन्जिनियरिङ्ग | ३७९९८४ |
| ३ | मच्चेक धादिङ्गगरा सडक निर्माण | एबी इन्जिनियरिङ्ग | ४६८०६० |
| ४ | धयाच्चेक स्वास्थ्य चौकी भवन निर्माण | एनभेसन इन्जिनियरिङ्ग एसोसियट | २७२४१८ |
| ५ | एम टि ई एफ | ब्राईट फ्युचर कन्सल्टेन्सी | ४७४०३५ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

**ढाका उद्योग प्रवर्द्धनन कार्यक्रम :**

सिमान्तकृत तथा विपन्न परिवारका महिलाहरुको आर्थिक सशक्तिकरण लागि ढाका तथा राडी पाखी उद्योग प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि २०८० व्यवस्था बमोजिम संघिय सरकारको विशेष अनुदानबाट पालिकाले गो भौ नं ४६१।०८१।०३।२१ मा ढाका तथा राडी पाखि उद्योग प्रवर्द्धनन कार्यक्रम अन्तर्गत ५ थान सिलाइ मेशिन खरिद २० थान ढाकाको तान खरिद १ सेट वरपिङ ड्रम खरिद तथा तानको लागि अन्य आवश्यक सामग्री खरिद गरी रु १२७३३०३ रकम खर्च गरेको छ । उक्त कार्यवधिको परिच्छेद ४ मा विशेष अनुदानबाट संचालन हुने कार्यक्रमको प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्न गाउँपालिकाको अध्यक्षतामा एक अनुगमन समिति रहने र उक्त समितिले उक्त कार्यको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोले पालिकाबाट अनुगमन समिति गठन भइ उक्त कार्यको नियमित अनुगमन गर्नुपर्ने देखिन्छ ।

| प्रमाण पेश नगरेको |
|---|

**लागत सहभागिता रकम:**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा ४० को उपदफा ३ मा प्रविधि हस्तान्तरण र स्तरोन्नतिको सुविधा लाभग्राहीको लागत सहभागितामा मात्र गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गो भौ नं ३२०।०८१।०२।२१ मा आगर मौरीपालन उद्योगबाट २९ वटा प्रति घार रु १०००० मा मौरी घार खरिद गरि रु २९०००० भुक्तानी भएकोमा कार्यविधि बमोजिमको लागत सहभागिता कायम नगरि वितरण भएकोले सहजकर्ता रन्जना साउदबाट असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ५८,००० |
|---|---|

**प्राविधिक विद्यालय संचालन अनुदान:**

CTEVT को मापदण्ड बमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा संचालन अनुदान वापत पालिकाले गोश्वारा भौचर नं ३१७। ०८१।०२।२० मा स्वीकृत प्रस्तावनाको आधारमा देहायका २ विद्यालयलाई अनुदान रकम निकासा गरेकोमा निकासा भएको रकमको

खर्चको पुष्टाई हुने बिल भरपाई पेश नभएकोले प्रस्तावना सहित सोहीबमोजिमको खर्चको पुष्टाई हुने गरी प्रमाण पेश गर्नुपर्ने रु

| विद्यालयको नाम | रकम |
|---|---|
| नमूना प्राविधिक शिक्षा प्रतिष्ठान | ७७३५०० |
| हिमालय मावि | ७७३५०० |
| जम्मा रकम | १५४७००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,४७,००० |

**४१ विद्यालय लेखापरीक्षण अनुदानः**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था रहेको र सोही बमोजिम विद्यालयले अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आ व ०८०।८१ मा पालिकाका विद्यालयको आर्थिक लेखापरिक्षणको लागि गो भौ नं २१९।०८०।११।०४ बाट रु २९५००० रकम-निकासा गरी खर्च लेखेकोमा निकासा भएको आर्थिक वर्षको विद्यालयको आर्थिक लेखापरीक्षण भई प्रतिवेदन पेश नभएकोले आर्थिक लेखापरीक्षण गराइ सोको प्रमाण पेश गर्नुपर्ने रु

| विद्यालयको नाम | रकम |
|---|---|
| जीवनज्योति मावि | १५००० |
| जम्मा रकम | १५००० |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रू १५,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रू १०,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रू १०,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रू १०,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रू १५,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रू १०,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रू १०,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रू १०,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रू १५,०००

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रु १०,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रु १०,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रु १०,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रु १५,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रु १५,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रु १५,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रु १०,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रु १०,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रु १०,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रु १५,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रु १५,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रु १०,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रु १०,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रु १०,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-११-२० को निर्णयले रु १०,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००० |

४२ **जेहेन्दार छात्रावृत्ति कार्यक्रम :**

अजिरकोट गाउँपालिकाको जेहेन्दार छात्रवृत्ति वितरण कार्यविधि २०८० बमोजिमपालिकाले गो भौ नं ६८, १०० र १०२ बाट जेहेन्दार छात्रावृत्ति तथा अन्य छात्रवृत्ति रकम वापत रकम निकासा गरेको छ । साथै उक्त कार्यविधिमा छात्रवृत्ति प्राप्त गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता र मापदण्ड,छात्रवृत्ति निर्धारण र निकासाको तरिका, छात्रवृत्तिको निरन्तरता र कटौति हुने विषय लगायत उल्लेख भएकोमा कार्यविधिको आधारमा छात्रवृत्ति रकम निकासा नभई सम्पूर्ण विद्यार्थीको लागि एकमुष्ट रकम वितरण गर्ने गरेकोले नियमसंगत नदेखिएको रु

| गो भौ नं | विद्यालयको नाम | रकम |
|---|---|---|
| ६८।०८१।०३।०६ | नमुना प्रावि | १२००००० |
| १००।०८१।०३।२४ | नमुना प्रावि | ६००००० |
| | ज्ञानज्योति मावि | ७२००० |
| १०२।०८१।०३।२४ | सप्तगण्डकी बहुमुखी क्याम्पस | २८७७५ |
| ६८।०८१।०३।०६ | हिमालय मावि | १३२०००० |
| | **जम्मा रकम** | **३२२०७७५** |

साथै सप्तगण्डकी बहुमुखी क्याम्पसमा कार्यवधि बमोजिम विद्यार्थीको खातामा जानुपर्ने रकम विद्यालयको खातामा निकासा भएकोले विद्यार्थीबाट उक्त रकम बुझेको भरपाई पेश गर्नुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ३२,२०,७७५ |

३ **सामाजिक सुरक्षा भत्ता तर्फ :**

सामाजिक रुपमा पछाडि परेका वर्ग,क्षेत्र र समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न सामाजिक सुरक्षा भत्ता प्रणाली रहेको छ । यो कार्यक्रम अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु.१०,५८,२६,०१७ खर्च गरेको छ। यस कार्यक्रमबाट लक्षित वर्गका रुपमा रहेका जेष्ठ नागरिक,एकल महिला,विधुवा,बालबालिका र अशक्तहरु समेत २६८२ जना लाभान्वित भएको देखिन्छ । नेपाल सरकारले बजेटमा व्यवस्था गरी जेष्ठ नागरिक,विधुवा,अशक्त तथा दलित वर्गलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । आ.व.२०८०।०८१ मा गाउँ कार्यपालिकाको केन्द्रिय हिसाबबाट ५ वटै वडाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रथम त्रैमासिकमा रु.२,६३,००,८३०, दोश्रो त्रैमासिकमा रु.२,६४,५७,३४८, तेश्रो त्रैमासिकमा रु.२,६४,६९,८४७ र अन्तिम त्रैमासिकमा रु.२,६५,९७,९९२ गरी जम्मा रु.१०,५८,२६,०१७ खर्च लेखाङ्कन गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः

**सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका अन्य व्यहोराहरु:**

• स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका पालिकाका अतिरिक्त सम्बन्धित वडा पालिकामा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक त्रैमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने गरी कार्यविधिले व्यवस्था गरेको छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तहको पालिकामा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सूची अनुसार भत्ता वितरण गरेको छ।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा २७ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरण व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन ।

१४ **वितरणमुखी खर्च :**

स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आय आर्जनसंग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनौटमा ध्यान दिनुपर्दछ । गाउँपालिकाले संघीय सरकारवाट सिमित श्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सिमित रहेको अवस्थामा सिमित श्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नुपर्नेमा वितरणमुखी योजनाहरु संचालन गरेको देखियो । यस्ता वितरणमुखी योजनाहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याउने देखिदैन । यस प्रकारको कार्य/सेवाबाट प्रतिफल सुनिश्चित नहुने हुँदा यस्ता कार्यहरु नियन्त्रण गर्नु पर्दछ। केही उदहारण :

| भौ.नं./मिति | भुक्तानी पाउने | विवरण | रकम |
|---|---|---|---|
| ४७/२०८०।०९।२४ | चौतारी डाँडा विधुतीकरण | विद्युत मिटर ५४ थान | १७००५८ |
| ६६/२०८०।१०।१५ | जिवन ज्योति मा वि | विधुत महसुल सेवा | ८४६८२ |
| १०१/२०८०।०६।१४ | जलकन्या देवी युवा क्लव | मेला संचालन | ५०००० |
| जम्मा | | | ३०४७४० |

५ **आर्थिक सहायता :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस स्थानीय तहले यो वर्ष आर्थिक सहायत शिर्षकमा रु.६००००० बजेट विनियोजन गरी विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.५८००० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो सहायता प्राप्त गर्नेको विवरण सार्वजनिक गरी पारदर्शिता कायम गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ तथा खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ ।

६ **दैनिक भ्रमण भत्ता :** (४७३-२०८१-३-२३):

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२३** को निर्णयले रू ५,१०० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७ **बुद्ध हिमाल चुली ग्रेट लेक सर्किट ट्रेल :**

**लागत अनुमान सम्झौता :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा सोही नियमावलीको नियम ३९(१०) मा जिम्म्वार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले TAAN संग बुद्ध हिमाल चुली ग्रेट लेक सर्किट ट्रेलको अन्भेषण कार्यको लागि क्रमश ६८०००० र १२०००० लागत साझेदारीमा भएको सम्झौता बमोजिम ट्रेल प्रोफाइल प्रतिवेदन तयार,DPR,Documentry,Brosser,नक्सा तयार लगायत कार्य बापत भौचर नं १३४ र ३१७ बाट रु ८००००० भुक्तानीमा देखिएका व्यहोराहरु निम्नानुसार रहेको छ :

७.१

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-१२-२८ को निर्णयले रु ३००,००० सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

**सम्झौता विपरीत भुक्तानी :** लागत साझेदारी अनुसार पालिकाले रु.६८०००० भुक्तानी गर्नुपर्नेमा रु.८००००० भुक्तानी गरेकोले बढी भुक्तानी रु.१२०००० सम्बन्धितबाट असुल संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,२०,००० |
|---|---|

**जिन्सी दाखिला :**

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-१२-२८ को निर्णयले रु ९८४,५६४ सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

**कर्मचारी प्रोत्साहन भत्ता :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले भौचर नं.२९८/२०८१।०३।२४ बाट कार्यपालिकाको मिति २०८०।०३।०४ को निर्णयबाट कार्यालय समय बाहेक अतिरिक्त समय कामकाज गर्ने १४ जना कर्मचारीहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था गरी सो भत्ता वापत रु.९३३६४५ खर्च लेखेको देखिन्छ।अतिरिक्त समय काम गर्ने कर्मचारीलाई के कति समय काम गर्नु पर्ने हो ,खटाएको पत्र , अतिरिक्त समय काम गरेको प्रमाणित अभिलेख बेगर भुक्तानी गरेको देखिन्छ। अत:अतिरिक्त प्रोत्साहन सम्बन्धि व्यवस्था कार्यविधिद्वारा व्यवस्थित गरी अतिरिक्त समय काम गरेको प्रमाणित अभिलेख राखि यस्ता भत्ता प्रदान गर्नुपर्दछ।

**कोष कट्टी रकम :**

शिक्षकको पारीश्रमिक भुक्तानि गर्दा संचय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कर कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको निम्न विद्यालयहरुमा दोस्रो त्रैमासिक (संघ र पालिका) बाट संचयकोष ,ना ला कोष र सा सु कर कट्टी वापतको रकम विद्यालयको खातामा निकासा गरिएकोमा उक्त कोष कट्टी रकम सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| दोस्रोत्रैमासिक | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | जम्मा गर्ने शिर्षक | | | |
| सि.नं. | विद्यालयको नाम | जम्मानिकासा | क.सं.कोष | बिमा | सा.सु.कर | रकम रु. |
| १ | स्यार्तानिनि.मा.वि | ११३५११.२ | ९३१३१ | २४०० | ६३६६ | ११६१४.२३ |
| | जम्मा | ११३५११.२ | ९३१३१ | २४०० | ६३६६ | ११६१४.२३ |

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-१२-२८ को निर्णयले रु ५,८७५.६१ सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-१२-२८ को निर्णयले रु ३३,७२८.४१ सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-१२-२८ को निर्णयले रु ३,६८२.९९

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-१२-२८ को निर्णयले रू ५,३८६.३५ सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-१२-२८ को निर्णयले रू २,१४३.१९ सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-१२-२८ को निर्णयले रू ४,६३४.०२ सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-१२-२८ को निर्णयले रू ४,१४४.९५ सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,६१४.२३ |

१ **बहाल कर :** (१९३-२०८१-३-२४):

आय कर ऐन,२०५८ को दफा ८८ अनुसार बहाल आयमा १० प्रतिशतले कर लाग्ने व्यवस्था रहेको छ । पालिकाले पशु आहार तथा विकास स्रोत स्थापना कार्यको लागि जग्गा भाडा सम्झौता अनुसार रु.७०२०० भुक्तानीकोमा अनुपम कृषि तथा पशुपंक्षी फर्मले भाडामा लिएको उक्त जग्गाको नियम अनुसार लाग्ने १० प्रतिशत बहाल कर रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,०२० |

**औषधि खर्च :** (०४-२०८१-३-२३):

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा २ ख बमोजिम "लक्षित समुह" भन्नाले मृगौला प्रत्यारोपण गराएका, डायलाइसिस गराइरहेका, क्यान्सर रोग पहिचान भई उपचारपछि निको भईसकेका व्यक्ति बाहेकका क्यान्सर रोगी (क्यान्सर पहिचान भई उपचारपछि निको भईसकेका तर चिकित्सकले तीन-तीन महिना भित्र निरन्तर निगरानीमा (close follow up) राखेका व्यक्ति यस लाभग्राहिको सूची भित्रैपर्ने) र मेरूदण्ड पक्षाघात भएका (रातो र नीलो अपाङ्ग परिचय पत्र वाहक ) व्यक्ति सम्झनु पर्ने र २ ग मा "लाभग्राही" भन्नाले लक्षित समुहमा परेका औषधि उपचार गर्न नसक्ने गरिबीको परिचय पत्र वितरण गरेको जिल्लाको हकमा सो परिचय पत्र वाला तथा गरिबीको परिचय पत्र वितरण गरी नसकेको जिल्लाको हकमा बिपन्न व्यक्ति वा स्थानीय तहबाट सिफारिस समिति गठन गरी पहिचान भएका बिपन्न रहेको प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनुपर्ने उल्लेख छ । त्यसै गरी सोही कार्यविधिको दफा ४ मा लाभग्राहीलाई नेपाल सरकारले तोकेको मासिक ५००० का दरले त्रैमासिक रुपमा महिनाको अन्तिम दिन स्थानीय तहले लाभग्राहीको खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले ४० जना रोगीलाई रु.१७५५००० खर्च लेखेको छ। उक्त कार्यविधिमा भएको व्यवस्था अनुसार गरिबीको परिचय पत्र वाहक रोगीलाई मात्र दिनु पर्नेमा चिकित्सकको सिफारिसको आधारमा पालिकाले औषधि उपचार खर्च लेखेको देखिन्छ । अत: रकम प्राप्त गर्ने व्यक्तिको विवरण सार्वजनिक गरी पारदर्शिता कायम गराउने तर्फ ध्यान दिनु पर्दछ।

१३ **पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन :**

आर्थिक कार्यविधि तथा उत्तरदायीत्व ऐन २०७६ को दफा २४(२) मा खर्च गर्ने कार्यविधि र मापदण्ड अन्तर्गत सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रयोग हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी ढंगले गर्नुपर्ने उल्लेख छ । भौचरको नमुना परीक्षणमा देखिए अनुरुप पालिकाले यस वर्ष विज्ञापन छपाई गरेको तथा जनउपयोगि सुचना प्रकाशन र प्रसारण गरी विभिन्न पत्रिका तथा मिडियालाई भुक्तानी गरेको देखिन्छ। यस्ता खर्चमा नियन्त्रण गरी राजस्व रकमको सदुपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ :

| भौ. नं. / मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| ११२ २०८०।०८।१४ | जोइन माल्टेपल सभस पा.लि | सुचना प्रकाशन तथा विज्ञापन | १३७६.३४ |
| ११४ २०८०।०८।१८ | एड सपोर्ट मिडिया प्रा.लि | सुचना प्रकाशन तथा विज्ञापन | ६६४४४ |
| १५६ २०८०।०९।१९ | सुभना फेलेक्स प्रिन्ट | ब्यानर छपाई | ४३९८३ |
| १८१ २०८०।१०।०४ | सिद्धबाबा प्रेस प्रा.लि. | सुचना प्रकाशन तथा विज्ञापन | ६२१५० |
| २३६ २०८०।११।०६ | समावेशी सवाल | जनचेतनामूलक सन्देश तथा पसारण | १५००० |
| २३७ २०८०।११।०६ | नयाँ सपना | जनचेतनामूलक सन्देश तथा पसारण | १५००० |
| २३८ २०८०।११।०६ | हाम्रो गोरखा सन्देश | जनचेतनामूलक सन्देश तथा प्रसारण | १५००० |
| २८१/२०८०।१२।०१ | अतिथि मिडिया एण्ड इभेन्ट प्रा.लि. | सुचना प्रकाशन तथा विज्ञापन | ११८६५० |
| **जम्मा** | | | ४७३८६१ |

**तलवी प्रतिवेदन :**

निजामती सेवा ऐन २०४९ स्वास्थ्य सेवा ऐन २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ शिक्षा ऐन २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रु.१८३१६६७१.६ र पालिकाका तर्फ रु.१२२८७७५६.६६ गरी जम्मा रु.३०६०४४२८.२६ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

**जिन्सी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

६ **समायोजन/खारेज भएको विद्यायल :**

कार्यपालिकाको मिति २०८०।०६।३० को निर्णय अनुसार समायोजन/खारेज भएको विद्यालयहरुको शैक्षिक र भौतिक स्वामित्व हस्तान्तरण गर्ने निर्णय भएको छ। पालिकाबाट प्राप्त विवरण अनुसार समायोजन/खारेज भएका ज्ञान ज्योति आधारभूत विद्यालयमा रु.३९१.२९, भानु ज्योति प्रा विमा रु.११६०.८६ र शिवालय प्रा विमा रु.५२००७.२४ गरी जम्मा रु.५३५६० हाल सम्म विद्यालयको बैंक खातामा नै मौज्दात रहेको देखिएकोले उक्त मौज्दात रकम सम्बन्धित विद्यालयबाट सम्बन्धित संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,५५९.३९ |

**वितरणको भरपाई :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१(ख) मा अधिकार प्राप्त अधिकारीले आर्थिक कारोवार प्रचलित कानून बमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको सुनिश्चित भएर मात्र सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले ०२/२०८१।०३।२२ आधारभूत विधालयलाई प्रिन्टर कम्प्युटर लगायत समग्री वितरण गरेकोमा वितरणको भरपाइ श्रेस्ता साथ संलग्न नभएकोले उक्त सामानको वितरणको भरपाइ तथा विद्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,९९,८०० |

**बढी भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१(ख) मा अधिकार प्राप्त अधिकारीले आर्थिक कारोवार प्रचलित कानून बमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको सुनिश्चित भएर मात्र सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौचर नं १०२ र १६१ बाट क्रमश मिलन नेपाली र निल बहादुर गुरुङलाई आर्थिक सहायता वापतको रकम भुक्तानी गर्दा निर्णय भन्दा बढि भुक्तानी भएको रकम क्रमश रु.८००० र रु.४००० नियम संगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १२,००० |

**नविकरण :** (३५४-२०८१-१-१७):

गण्डकी प्रदेश आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा २९ मा यस ऐन बमोजिम राख्नुपर्नुपर्ने लेखा ठिक संग नराखेको कारण कुनै हानी नोक्सानी भएमा त्यसरी हानी नोक्सानी भएको रकम जिम्मेवार व्यक्तिवाट असुल गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले सवारी साधन नविकरण गर्दा रु.४४७५ जरिवाना भुक्तानी गरेकोले समयमै नविकरण गर्नुपर्ने देखिान्छ। ढिला भएको कारणबाट पालिकालाई थप व्यय परेको देखिन्छ।अत:पालिकाले समयमै नविकरण गरी विलम्ब शुल्क तिर्ने कार्यलाई निरुत्साहित गर्नुपर्दछ।

**नाफामुलक संस्थालाई अनुदान :** (८१-२०८१-२-२१):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन ।पालिकाले आदर्श बहुउद्देश्यीय सामुदायिक विकास सहकारीलाई ६० प्रतिशत अनुदानमा शीत भण्डार औजार उपकरण अनुदान कार्यक्रम बापत रु ३०००००। भुक्तानी दिएको छ।अत:नाफामुलक संस्थालई अनुदान दिएको रकम सम्बन्धितबाट असुल उपर गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,००,००० |

**कर कट्टी :**

आयकर ऐन २०५८ ले पुरस्कार जस्ता आकस्मीक लाभका भुक्तानीमा २५ प्रतिशतले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसारका पुरस्कार वितरणमा २५ प्रतिशतले हुने रु.८५०० कर कट्टी नगरी भुक्तानी गरेकोले सम्बन्धितबाट कर कट्टी वापतको रकम असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं/मिति | कार्य/विवरण | नाम | कर दाखिला गर्नुपर्ने रु. |
|---|---|---|---|
| ८१/२०८१/०२-२१ | | वडा नं १ घ्याच्चोक महिला संजाल | २७५० |
| जम्मा | | | २७५० |

( ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-१२-२३ को निर्णयले रु १,८७५

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७५० |

**साङग्रिला इन्फर्मेटिक्स प्रा.लि :** (९७-२०८०-११-२३):
**आर्थिक कार्यविधि** तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१(ख) मा अधिकार प्राप्त अधिकारीले आर्थिक कारोवार प्रचलित कानून बमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको सुनिश्चित भएर मात्र सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले CPE Device र Installation बापत साङग्रिला इन्फर्मेटिक्स प्रा.लि. लाई सक्कल विल बेगर रु ५५०००। भुक्तानी गरेकोले सोको संकल बिलको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५,००० |

थप भएको बेरुजू

| क्र.सं. | बेरुजूको विवरण | रकम |
|---|---|---|
| १ | गाउँपालिकाले निर्माण गरेको कोशेली घर संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० को परिच्छेद ३ मा गाउँपालिकाले कोशेली घर संचालन गर्न सक्ने तथा बुँदा ३ मा कुनै सहकारी संस्था तथा व्यक्तिले कोशेली घर संचालन गर्न चाहेमा पालिकाको अनुमती लिने सक्ने व्यवस्था छ। पालिकाले आफ्नै स्वामित्वमा संचालन गर्नेभएमा पालिकाको अध्यक्षको अध्यक्षतामा संचालक समिति रहने तथा व्यवस्थापनको सम्पूर्ण जिम्मा पालिकाको हुने उल्लेख भएको देखिन्छ। पालिकाले भौचर नं. १९१।३।२४ बाट कोशेली घर संचालन गर्ने आर्थिक कारोबार गर्ने अजिरकोट बहुउद्देशीय सहकारी संस्थालाई मेशिन खरिद, कम्प्युटर खरिद तथा अन्य व्यवस्थापनको लागि १० लाख बजेट विनियोजन गरी ९ लाख १० हजार भुक्तानी गरेको देखिन्छ। पालिकाले आफै संचालन नगरेको तथा सहकारीले संचालन गर्न अनुमती माग गरेको समेत परीक्षणबाट देखिँदैन। यसरी पालिकाले आफै संचालन नगर्ने तथा नाफामूलक सहकारीको स्वामित्वमा रहने कोशेली घरमा गरेको लगानी नियमसंगत नदेखिएको छ। | 910000.00 |
| २ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसारको जिन्सी मालसामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) प्रविष्ट गरेको देखिएन।उक्त प्रणालीमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने छ. | 621305.00 |

| गो.भौ.नं./मिति | भुक्तानी पाउने | सामाग्री | रकम | कैफियत |
|---|---|---|---|---|
| ३१२/२०८१।०३।२४ | पि के एस सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | ५८१७०५ | विविध कार्यालय सामाग्री |
| १४८/२०८०।०९।०६ | बि थ्रि सोलुसन | मसलन्द तथा कार्यालय सामाग्री | ३९६०० | विविध कार्यालय तथा मसलन्द सामाग्री |
| जम्मा | | | ६२१३०५ | |

अनुसूची - १

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : अजिरकोट गाउँपालिका, गोरखा , अजिरकोट गाउँपालिका , गोरखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नवराज अवस्थी | २०७९-११-२६ | २०८१-५-१९ |
| कार्यालय प्रमुख | RACHANA BUDHATHOKI | २०८१-६-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | ARJUN RIJAL | २०८०-११-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सरिता ढुंग्रे | २०७६-९-१ | २०८०-११-९ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,३९७,६२९.३९ | ५,६६०,९२५ | ५,४२३,२८४.७५ | ० | ० | ० |
| | | | | प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | १३,४८१,८३९.१४ |
| | | | | प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु. | ३,१९६,३७४.५२ |
| | | | | संपरीक्षणबाट थप भएको बेरुजू रु. | १,६११,३०५ |
| | | | | लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | ११,८९६,७६९.६२ |

स्थानीय तह :

| आम्दानी | | खर्च | |
| --- | --- | --- | --- |
| संघीय सरकारबाट अनुदान | २८४०४२२७६ | चालु खर्च | २७०४४१७४२ |
| प्रदेश सरकारबाट अनुदान | १५५६०६२१ | पूँजीगत खर्च | १५४६९१८७५ |
| राजस्व बाँडफाँट | ७५८४९८०६ | वित्तीय/अन्य व्यवस्था | १४०३५८०४३ |
| आन्तरिक आय | ७७४२६३३.० | | |
| अन्य आय | १४०५६८६९९ | | |
| कुल आय | ५२३७६४०३५.० | कुल खर्च | ५६५४९१६६० |
| बाँकी मौज्दात | | ५२७३७३४० | |

# अनुसूची - २

| सि.नं | लेखापरीण | लेखापरीण गरएका िवषय |
| --- | --- | --- |
| 1 | ठेक्का व्यवस्थापन | मुख्य ५ ठेक्का |
| 2 | उपभोक्ता समितिमार्फत खरिद | ठूलो खर्च रकम भएका उपभोक्ता समिति |
| 3 | कन्टिन्जेन्सी खर्च | कण्टिन्जेन्सी खर्चको विवरण |
| 4 | आन्तरिक आय | आन्तरिक आयतर्फ विवरण |
| 5 | डि पि आर | DPR खर्चको औचित्यता |
| 6 | सफ्टवेयर खर्च तथा मर्मत खर्च | सफ्टवेयर खरिदमा भएको लगानी |
| 7 | कार्यक्रम खर्च | कृषि तथा पशुतर्फ ,स्वास्थ्यतर्फ ,अन्य सशर्त कार्यक्रम ,शिक्षा तर्फ |
| 8 | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| 9 | "प्रशासनिक खर्च | चालु तथा प्रशासनिक खर्च |
| 10 | विविध खर्च | विविध खर्च |

# सुझाव

तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।
- निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरुमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।